अनुसूची-१२
धि.के.नि.से.वि. २०६८ को विनियम २० सँग सम्बन्धित र धि.व्य.नि. २०६४ को नियम २९ को उपनियम (१) सँग सम्बन्धित

फा. नं. १
From No. 1

(हालसालै खिचेको पासपोर्ट साईजको फोटो)

SPSA Securities Ltd.
Broker No. 87

# एस.पी.एस.ए. सेक्युरिटिज लिमिटेड
# S.P.S.A. Securities Ltd.

नयाँ बानेश्वर, काठमाडौं।
फोन नं. ०१-४९७०३९४/९५, इमेल : info@spsasecurities.com.np

## प्राकृतिक व्यक्तिको परिचय विवरण
## DETAILS OF NATURAL PERSON

☐ (DEMAT) ☐ (TMS)

| कार्यालय प्रयोजनको लागि मात्र (For Official Use Only) | | | | | |
|---|---|---|---|---|---|
| ग्राहक नम्बर (Clients A/C No.): | | संकेत नम्बर (ReferenceNo.): | | मिति (Date): | |
| हितग्राही खाता नं. (Beneficary owner A/C No) | | | | | |
| हितग्राही खाता खोलिएको निक्षेप सदस्यको नाम | | | | | |

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसँग भर्नु पर्नेछ । आफुसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।
Please Complete all details and strike out the non-applicable fields/boxes.

एस्.पी.एस्.ए. सेक्युरिटिज लिमिटेड
S.P.S.A. Securities Ltd.
(शाखा/Branch)

खाताको किसिम/Types Of Account
☐ व्यक्तिगत (Individual) ☐ गैर आवासीय नेपाली (N.R.N.) ☐ विदेशी (Foreigner)

### ग्राहकको विवरण (Details of Client):

नाम

Name (in Block Letter)

जन्म मिति (वि.सं.) Date of Birth (B.S.) ई.सं. (A.D.)

लिङ्ग Gender: ☐ पुरुष Male ☐ महिला Female ☐ अन्य Others
☐ विवाहित Married ☐ अविवाहित Unmarried

स्थायी लेखा नं./Permanent Account No. (PAN)

फरक क्षमता: Differently Abled: ☐ भएको Yes ☐ नभएको No

राष्ट्रियता/(Nationality) ☐ नेपाली/Nepalese ☐ अन्य (खुलाउने)/Others (If any)

| नागरिकताको विवरण (Citizenship Information) | नागरिकता नं. (Citizenship No): | जारी भएको जिल्ला (Issued District): | जारी भएको मिति (Issued Date) |
|---|---|---|---|
| | | | |

| राहदानीको विवरण (Passport Information) | राहदानी नं. (Passport No.): | जारी भएको ठाउँ (Issued Place): | जारी भएको मिति (Issued Date): | म्याद सकिने मिति (Expiry Date): |
|---|---|---|---|---|
| | | | | |

| परिचयपत्रको किसिम | परिचय पत्र नं. (Identification No.): | जारी गर्ने निकाय (Issuance Authority) | जारी भएको मिति (Issued Date): |
|---|---|---|---|
| | | | |

### हालको ठेगाना (Current Address):

| | | | | | |
|---|---|---|---|---|---|
| देश (Nation): | | प्रदेश (Province): | | जिल्ला (District): | |
| गा.पा./न.पा./उ.म. न. पा./म.न.पा (R.M/M/SM/Metro) | | टोल (Locality): | | वडा नं. (Ward No.): | |
| ब्लक नं. (Block No.): | | फ्याक्स नं. (Fax No.): | | मोबाईल नं. (Mobile No.) | |
| टेलि फोन नं. (Tele Phone No.): | | इमेल (E-mail): | | | |

### स्थायी ठेगाना (Permanent Address):

| | | | | | |
|---|---|---|---|---|---|
| देश (Nation): | | प्रदेश (Province): | | जिल्ला (District): | |
| गा.पा./न.पा./उ.म. न. पा./म.न.पा (R.M/M/SM/Metro) | | टोल (Locality): | | वडा नं. (Ward No.): | |
| ब्लक नं. (Block No.): | | फ्याक्स नं. (Fax No.): | | मोबाईल नं. (Mobile No.) | |
| टेलि फोन नं. (Tele Phone No.): | | ईमेल (E-mail): | | | |
| नजिकको ल्यान्डमार्क : (Nearest Landmark): | | | | | |

## एकाघर परिवारका सदस्यहरूको विवरण (Details of Family Members):

| | |
|---|---|
| बाजेको नाम<br>Grand Father's Name | |
| बुबाको नाम<br>Father's Name | |
| आमाको नाम<br>Mother's Name | |
| पति/पत्नीको नाम<br>Spouse's Name | |
| छोराको नाम<br>Son's Name | |
| छोरीको नाम (अविवाहित)<br>Daughter's Name (Unmarried) | |
| बुहारीको नाम<br>Daughter in Law's Name | |
| ससुराको नाम (विवाहित महिलाको हकमा)<br>Father in Law's Name (In Case of Married Women) | |
| सासुको नाम (विवाहित महिलाको हकमा)<br>Mother in Law's Name (In Case of Married Women) | |

## पेशाको विवरण (Details of Occupation):

**पेशा / Occupation:** ☐ सेवा Service ☐ सरकारी Government ☐ सार्वजनिक/निजी क्षेत्र Public/Private Sector ☐ एन.जी.ओ./आई.एन.जी.ओ NGO/INGO ☐ विशेषज्ञ Expert ☐ कानूनी विज्ञ (Legal Expert) ☐ व्यापारी Business Person ☐ कृषि Agriculture ☐ सेवानिवृत्त Retired ☐ गृहिणी House wife ☐ विद्यार्थी Student ☐ अन्य Others ______

**व्यापारको प्रकार / Type of Business:** ☐ उत्पादन Manufacturing ☐ सेवामुखी Service Oriented ☐ अन्य Others

संस्थाको नाम / Organization's Name: ______ ठेगाना / Address: ______

पद / Designation: ______ परिचय पत्र नं. / ID No.: ______

**आर्थिक विवरण / Financial Details:**

- आयको सीमा (वार्षिक विवरण) रु. १,००,००० सम्म / Income limit/Annual Detail Upto Rs. 1,00,000 ☐
- रु. १,००,००१ देखि रु. २,००,००० सम्म / From Rs. 1,00,001 to Rs. 2,00,000 ☐
- रु. २,००,००१ देखि रु. ५,००,००० सम्म / From Rs. 2,00,001 to Rs. 5,00,000 ☐
- रु. ५,००,००१ देखि रु. १०,००,००० सम्म / From Rs. 5,00,001 to Rs. 10,00,000 ☐
- रु. १०,००,००० भन्दा माथि / Above Rs. 10,00,000 ☐

निक्षेप सदस्यले हितग्राहीको खातामा भएको घटबढ स्वचालित रुपमा गराउने/नगराउने ।
Standing Instruction for the automatic transactions. ☐ गराउने/Yes ☐ नगराउने/NO

खाताको विवरण प्राप्त गर्ने । Account Statement. ☐ दैनिक/Daily ☐ साप्ताहिक/Weekly ☐ पाक्षिक/15 Days ☐ मासिक/Monthly ☐ मागेको बखत/On Demand

धितोपत्र खरिद बिक्री गर्ने मुख्य उद्देश्यले स्थापित "इन्भेष्टमेन्ट कम्पनीमा संलग्न
Involvement in investment compan[illegible] hic[illegible] tablished for securities trading ☐ छ/Yes ☐ छैन/NO

भएमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु [illegible] (if yes, mention below):

कम्पनीको नाम / Name of the Company: ______

पद / Designation: ☐ सञ्चालक Director ☐ पदाधिकारी Executive ☐ शेयरधनी Share Holder ☐ कर्मचारी Employee ☐ अन्य Others ______

## बैंकको विवरण (Bank Details)

| बैंकको विवरण (Bank Details) | | बैंक खाताको किसिम (Types of Bank Account) : | |
|---|---|---|---|
| बैंकको नाम/Bank Name: | | ☐ बचत खाता (Saving A/C) ☐ चल्ती खाता (Current A/C) | |
| खाता नं./(Account Number: | | शाखा/Branch: | |

## संरक्षकको विवरण (नाबालकको हकमा)/Guardian's Information-In case of minor:

| | | | |
|---|---|---|---|
| संरक्षकको नाम/थर | | | संरक्षकको फोटो (हालसालै खिचेको) Guardian's PP Size Photo (Recent) |
| निवेदकसँगको सम्बन्ध **Relationship with Applicant** | | | |
| नागरिकता/राहदानी नं. (Citizenship/Passport No.) | जारी भएको ठाउँ (Issued Place): | जारी भएको मिति (Issued Date): | |
| | | | |

| | |
|---|---|
| बुबा/आमाको नाम (Father/ Mother Name) : | |
| हजुर बुबा/पतिपत्नीको नाम (Grand Father Spouse's Name) : | |

**पत्राचार गर्ने ठेगाना/Correspondence Address**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| देश **Country** | | प्रदेश **Province** | | जिल्ला **District** | | | |
| गा.पा./न.पा./उ.म.न.पा./महानगरपालिका R.Mun./Mun./Sub Met Metropolitan | | वडा नं. **Ward No.** | | टोल **Tole** | | स्थायी लेखा नं **PAN No.** | |
| मोबाईल नं. **Mobile No.** | | फोन नं. **Tel No.** | | इमेल **E-mail** | | | |

| औंठा छाप/Thumb Print | |
|---|---|
| Right | Left |
| | |

**संरक्षकको हस्ताक्षर/Guardian's Signature**

## इच्छाएको व्यक्ति सम्बन्धी विवरण (Nominee's Details):

मेरो मृत्यु भएको अवस्था वा मैले नसकेको अवस्थामा वेहायको व्यक्तिले मेरो नाममा भएको सम्पूर्ण धितोपत्रको हकदावी गर्न पाउने छ। In the event of my death or incapacity the alll be entitled to the balance of my demat account.

| | | | | | |
|---|---|---|---|---|---|
| इच्छाएको व्यक्तिको नाम: Name of Nominee: | | | | | |
| निवेदकसँगको सम्बन्ध: Relationship with Applicant: | | | | | |
| पत्राचार ठेगाना: Correspondence Address: | | | | | |
| नागरिकता/राहदानी नं.: Citizenship/Passport No.: | | जारी मिति : Issue Year: | | जारी ठाउँ Place of Issue: | |
| राष्ट्र(Country): | | प्रदेश (Province): | | जिल्ला(District) | |
| टेलिफोन नं./Telephone No.: | | मोबाइल नं./Mobile No.: | | | |
| स्थायी लेखा नं./PAN No.: | | ईमेल/Email ID: | | | |

## गैर आवसीय नेपालीका लागि (For N.R.N.S):

| | | | |
|---|---|---|---|
| वैदेशिक ठेगाना (Foreign Address): | | | |
| शहर (City): | | राज्य (Nation): | |
| देश (Country): | | गैर आवसीय कोड नं. (Foreign Code No.): | |

## बासस्थानको नक्सा / Location Map of Residence

| घर रहेको स्थानको नक्सा Location Map | Site Map of the Account Holder's Residence with nearby popular mailstone ↑N |
|---|---|
| | |

## सम्पति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलाप सम्बन्धी स्वघोषणा गर्दछु । / I/We hereby decleare by following:

१. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्ति हुनुहुन्छ ? हो ☐ होईन ☐

२. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्तिसँग सम्बन्धित हुनुहुन्छ ? छु ☐ छैन ☐

सम्बन्धित राजनैतिक वा उच्च पदस्थ व्यक्तिको नाम ........................................ तपाईसँगको सम्बन्ध ....................

३. के तपाईको हिताधिकार व्यक्ति छ ? छैन ☐ छ ☐

हिताधिकारी व्यक्तिको नाम ........................................ तपाईसँगको सम्बन्ध ....................

४. के तपाई विगतमा कुनै सम्बद्ध कसुरमा दोषी प्रमाणित हुनु भएको छ ? छैन ☐ छ ☐

सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ को दफा २ को खण्ड (श) बमोजिमका कसुरहरू छ भने कृपया उल्लेख गर्नुहोस ........................................

## धितोपत्र कारोबार सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु । / I/We hereby decleare by following:

१. म/हामीले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पति शुद्धिकरण सम्बन्धी प्रचलित कानून विपरित आर्जन गरेको हुने छैन ।
I/We hereby confirm that funds used to purchase the shares have not been acquired by any means voilating prevailing Anti Money landering act.

२. धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छु ।
I/We fully understand the risks associated with respect to investing in stocks/Securities.

३. म/हामीले खरिद गरेका धितोपत्रहरु बापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छु ।
I/We will duly comply the payment terms, required for purchase/sale of shares/securities.

४. म/हामीले धितोपत्र सम्बन्धी तथा अन्य प्रचलित नियम कानूनहरुको पालना गर्नेछु ।
I/We will fully comply the prevailing laws related to stock market/securities.

५. म/हामी कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको छु/छैन ।
I/We am/are not included in the black list of credit information bureau.

## संलग्न गर्नुपर्ने कागजातहरूः Documents required:

१. नेपाली नागरिकहरूको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
Copy of citizenship certificate (Incase of Nepali citizens)

२. अन्य देशको नागरिकको हकमा पासपोर्टको प्रतिलिपि ।
Copy of Passport (Incase of Foreign Citizens)

३. नाबालकको हकमा संरक्षक तथा नाबालक दुबैको फोटो ।
Photograps of Guardian & minor (Incase of minor)

४. कानूनी संरक्षक भए सो सम्बन्धी कागजात ।
legal Guardian related documents, if applicable.

५. आमा वा बाबु संरक्षक भएमा छोरा वा छोरीको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
Copy of birth registration certificate (Incase of minor)

६. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप ।
Signature and finger print for the applicant and minor (where applicable)

७. कुनै संस्थाको कर्मचारी रहेको हकमा कर्मचारी परिचयपत्रको प्रतिलिपि ।
Copy of employee identification if working at any organization.

माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला ।
I/We hereby acknowledge that the above disclosed details are true. I/We, further hereby consent to bear any legal actions in case any false disclosure of information related to me/us.

| औंठा छाप / Thumb Print | |
|---|---|
| Right | Left |

Signature of Customer
ग्राहकको हस्ताक्षर

## कार्यालय प्रयोजनको लागि : For Official Use

| Checked & Verified by | | Approved by |
|---|---|---|
| Name : | | Name : |
| Designation : | | Designation : |
| Signature : | कम्पनीको छाप | Signature : |
| Date : | S.P.S.A. Securities Ltd. | Date : |

Referrer Name : Contact No.:

**धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम १० सँग सम्बन्धित कोरोवार सदस्य र ग्राहक बिचको सम्झौतापत्र**

मिति २०७८/१०/२५ मा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको कोरोबार सदस्य रहेको, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३१, नयाँ बानेश्वरमा रजिष्टार्ड कार्यालय रहेको एस.पी.एस.ए. **सेक्युरिटिज लि.** (अब उप्रान्त **प्रथम पक्ष** भनिनेछ) तथा प्रथम पक्ष मार्फत धितोपत्रको कारोबार गर्न अनलाईन सुविधा प्रयोग गर्ने ग्राहक संकेत नम्बर (युनिक क्लाईन्ट कोड) ........................ रहेको ............................................ स्थायी ठेगाना भई हाल ........................................ स्थानमा बसोबास गर्ने श्री ................................ को नाती/नातीनी बुहारी, श्री ........................................ को छोरा/छोरी वर्ष ...... को श्री........................वा ग्राहक संकेत नम्बर (युनिक क्लाईन्ट कोड) ........................ रहेको ........................ कार्यालयमा दर्ता भई दर्ता नं. ...... रही ........................................ मा रजिस्टर्ड कार्यालय रहेको श्री ........................................ (अब उप्रान्त **द्वितिय पक्ष** भनिनेछ र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारी र/वा कानूनी प्रतिनिधि समेतलाई जनाउने), का बीचमा नेप्सेको कारोबार प्रणालीबाट टिएमएस प्रणाली अन्तर्गत कारोवार हुने विधि प्रणाली अनुरुप आफैले कारोबार गर्ने सम्बन्धमा द्वितीय पक्षले प्रथम पक्षसँग प्रस्ताव राखेको र प्रथम पक्षले समेत सो बमोजिम गर्न द्वितीय पक्षसँग आवश्यक ज्ञान रहेको मानी स्वीकृति जनाएकाले देहायमा लेखिए बमोजिमको शर्त बन्देजको अधिनमा रही टिएमएस प्रणाली अन्तर्गत कारोवार द्वितीय पक्ष आफैले गेर्ने सम्बन्धमा हामी दुवै पक्षको पूर्ण मञ्जुरी स्वीकृति भएकोले उक्त शर्त वन्देजहरूको पूर्ण रुपमा परिपालना गर्ने पूर्ण प्रतिवद्धताका साथ मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम यो टिएमएस प्रणाली अन्तर्गत कारोबार गर्ने सम्बन्धी सम्झौता आ-आफ्नो खुसि राजिसँग लेखि लेखाई साक्षी महलमा लेखिए बमोजिमका साक्षीहरूको रोहवरमा प्रथम पक्षको कार्यालयमा बसी यस सम्झौताको मतलब र परिणाम समेत राम्ररी सम्झी बुझि दुवै पक्षले सहिछाप समेत गरी गराई एक-एक प्रति बुझीलियौं, दियौं ।

<u>पक्षहरूले पुर्णरुपमा पालना गर्नु पर्ने शर्त बन्देजहरू :</u>

१. प्रचलित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बिमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एन्ड क्लियरिङ लिमिटेड लगायतका नियामक निकायले समय समयमा जारी गरेका निर्देशिका, परिपत्र र निर्देशन समेतलाई यसै सम्झौतामा उल्लेख भए सरह मानी सम्झौताका पक्षहरुले सोको पालना गर्न पुर्ण मञ्जुर गर्दछ।

२. द्वितिय पक्षले यस सम्झौता गर्दाको बखत वा यस भन्दा अघि प्रथम पक्षलाई दिएको सूचना, द्वितिय पक्षको ग्राहक पहिचान विवरण (केवाइसी) मा भरेको विवरणमा कुनै फेरबदल भए, फेरबदल भएको ७ कार्य दिन भित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ।

३. द्वितिय पक्ष धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा वा अन्य कुनै कारणले कानूनतः आर्थिक कारोवार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ।

४. द्वितिय पक्षले यस सम्झौतामा उल्लेख गरेको वा ग्राहक पहिचान विवरण (केवाइसी) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाइल नम्बरमा द्वितिय पक्षले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलब्ध गराउने छ। प्रथम पक्षले उपलब्ध गराएको युजरनेम तथा पासवर्ड द्वितिय पक्षले परिर्वतन गरी सोको गोपनियता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व द्वितिय पक्ष स्वयंको हुनेछ।

५. द्वितिय पक्षले बिक्री कारोवार गर्दा मौज्दातमा धितोपत्र रहेको वा रहने कुनै एक हितग्राही खाता प्रथम पक्षलाई उपलब्ध गराउने छ। र उक्त खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिने छैन। यदी एउटै खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिई हुने जोखिमको जिम्मेवारी दोश्रो पक्ष स्वयंले लिनेछ।

६. द्वितिय पक्षलाई दिइएको युजरनेमबाट भएगरेको सम्पूर्ण कारोबारहरुको दायित्व बहन गर्ने तथा सो को समयमा राफसाफ गर्ने पुर्ण जिम्मेवारी द्वितिय पक्षको हुनेछ।

७. द्वितिय पक्षलाई प्रदान गरिएको युजरनेमको प्रयोगका कारण सम्झौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानी नोक्सानी पुगेमा त्यसरी सिर्जना हुने दायित्व प्रति द्वितिय पक्ष स्वयं पुर्ण जिम्मेवार हुनेछ।

८. द्वितिय पक्षले आफ्नो युजरनेम प्रयोग गरी वा प्रथम पक्षलाई आदेश दिई बिक्री भएका धितोपत्रहरुको निर्देशन पूर्जा जारी गर्नुपर्ने दायित्व द्वितिय पक्षको हुनेछ। यसरी बिक्री भएको धितोपत्रको हस्तान्तरण द्वितिय पक्षले टि + १ को कार्यालय समय भित्र प्रथम पक्षको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोवारको राफसाफ हुन नसकेमा सोबाट सृजित सम्पूर्ण दायित्व द्वितिय पक्ष स्वयंले वहन गर्नु पर्नेछ।

९. द्वितिय पक्षले धितोपत्र बिक्री गरि सकेपछि सो धितोपत्रको आधार मूल्य प्रथम पक्षलाई राफसाफ समयको १ (एक) दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ। आधार मूल्य समयमा उपलब्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने सम्पुर्ण कानूनी तथा आर्थिक दायित्व वा हानी नोक्सानी द्वितिय पक्ष स्वयंले व्यहोर्नु पर्नेछ।

१०. द्वितिय पक्षले बिक्रि गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु तथा प्रथम पक्षले धितोपत्र खरीद बिक्री सम्बन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकम मात्र प्रथम पक्षले द्वितिय पक्षलाई भुक्तानी गर्नेछ।

११. द्वितिय पक्षले खरीद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नु पर्नेछ। द्वितिय पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकमको बढिमा ४ (चार) गुणा सम्म कारोबार लिमिट प्राप्त गर्न सक्नेछ। उक्त कारोबार सीमा द्वितिय पक्षले बुझाएको रकमको चार गुणा भन्दा बढी हुने छैन।

१२. द्वितिय पक्षले कारोबार सीमाका लागि प्रथम पक्षलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य विद्युतीय माध्यमबाट गर्नुपर्नेछ।

१३. द्वितिय पक्षले कारोबार प्रयोजनका लागि प्रथम पक्षलाई उपलब्ध गराएको रकम उक्त धितोपत्र कारोवार राफसाफ प्रयोजनमा प्रयोग गर्नुपर्नेछ।

१४. दुवै पक्षको आपसी सहमतिमा द्वितिय पक्षले प्रथम पक्षलाई कारोबार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोवार योग्य धितोपत्रहरुको माध्यमबाट पनि गर्न सक्नेछ। यस्तो धरौटीलाई द्वितिय पक्षले आफ्नो दायित्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले द्वितिय पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्नेछ। द्वितिय पक्षले आफ्नो दायित्व समयमा पुरा नगरेको कारण प्रथम पक्षले यसरी नगदमा परिणत गरेमा द्वितिय पक्षले सो सम्बन्धमा कुनै उजुर बाजुर गर्न सक्ने छैन गरे स्वतः बदर हुनेछ।

१५. द्वितिय पक्षले धितोपत्र खरीद गरे वापत सृजना हुने कुल दायित्व रकममा प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकम तथा द्वितिय पक्षले विक्रि गरी प्रथम पक्षसँग भुक्तानी लिन बाँकी भएमा सो समेत समायोजन गरी बाँकी दायित्व रकम कारोबारको राफसाफ हुनु भन्दा पहिले प्रथम पक्षलाई द्वितिय पक्षले भुक्तानी गर्नुपर्नेछ।

१६. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबार योग्य धितोपत्रको मूल्यांकन बजार मूल्यको बढीमा ७० प्रतिशत सम्म गर्न सकिनेछ। धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथम पक्षले द्वितिय पक्षलाई उपलब्ध गराएको कारोबार सीमा द्वितिय पक्षलाई जानकारी गराई फेरबदल गर्न सक्नेछ।

१७. खरीद कारोबार पछि बाँकी रहेको रकम खरिद बिल बमोजिम द्वितिय पक्षले टि + २ भित्रमा प्रथम पक्षको खातामा जम्मा हुने गरी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ। यसरी रकम उपलब्ध गराउँदा अग्रिम भुक्तानी रकममा उपलब्ध गराएको भए सो रकम समायोजन गर्ने सुविधा द्वितिय पक्षलाई हुनेछ।

१८. खरिद कारोबार पश्चात द्वितिय पक्षले राफसाफ समय भित्रमा आफ्नो दायित्व पुरा नगरेमा टि + ४ मा प्रथम पक्षले द्वितिय पक्षलाई जानकारी गराई द्वितिय पक्षकै नाममा खरिद गरिएको तथा जमानतमा लिइएको धितोपत्रहरु बिक्री गरी, बैक जमानत वापतको रकम प्राप्त गरी आफ्नो लेना रकम असूल उपर गरि लिन पाउने छ। यसरी आफ्नो लेना रकम असूल उपर गरि लिंदा सो को लागत बापतको शोधभर्ना गर्नु पर्ने नपुग रकममा प्रथम पक्षले बैकलाई कर्जा वापत बुझाउनु पर्ने व्याज रकममा २% प्रशासनिक खर्च समेत थप गरि हुन आउने एकमुष्ट रकम असूल उपर गरि लिएमा समेत द्वितिय पक्षको पुर्ण मञ्जुरी स्वीकृति छ र सो सम्बन्धमा मञ्जुरी स्वीकृति थिएन छैन भनि कही कतै कुनै प्रकारको उजुर बाजुर गर्न पाउने छैन गरे स्वतः बदर हुनेछ। द्वितिय पक्षको धितोपत्र बिक्री गरि प्रथम पक्षको लेना रकम असुलउपर गरी रकम बाँकी रहेमा द्वितिय पक्षको अग्रिम भुक्तानी सम्मको रकम द्वितिय पक्षलाई फिर्ता गरी थप रकम बाँकि रहन गए धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ।

१९. द्वितिय पक्षले खरीद गरेको धितोपत्र खरिदबाट सिर्जित दायित्वहरु पुरा गरेपछि वा कारोवारको राफसाफको दिन मध्ये जुन पछी हुन्छ सो को भोलिपल्ट ग्राहकको निक्षेप खातामा प्रथम पक्षले धितोपत्र हस्तान्तरण गर्नु पर्नेछ।

२०. द्वितिय पक्षको नामबाट कारोवार भए पश्चात द्वितिय पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मानसिक सन्तुलन गुमाएमा वा अन्य कुनै कारणबाट द्वितिय पक्षको नामबाट भएका कारोवारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीको हुनेछ। कानुनी उत्तराधिकारीबाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ।

२१. नियामक निकायहरुबाट कारोबारहरु रद्द भएमा वा रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोवारहरु स्वतः रद्द हुनेछन्। सोको दायित्व प्रथम पक्षले बहन गर्ने छैन।

२२. द्वितिय पक्ष नावालक वा कानूनतः पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ।

२३. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनै पनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन।

२४. द्वितिय पक्षले आफ्नो कारोवारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्ति गर्न सक्नेछ। सो प्रतिनिधिबाट भएका सम्पूर्ण कारोबारहरु निज द्वितिय पक्षले नै गरेसरह मान्य हुनेछ।

२५. धितोपत्रमा गरिने लगानीमा जोखिम हुन्छ भन्ने कुरामा द्वितिय पक्ष जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति द्वितिय पक्षनै जिम्मेवार रहनेछ।

२६. द्वितिय पक्षले निम्न लिखित माध्यमवाट कारोबार आदेश दिन सक्ने छ :

(क) स्वयं उपस्थित भई लिखित आदेश। ख) टेलिफोन .............................................. (ग) मोबाइल फोन ..............................................

घ) ई-मेल...................................... ङ) द्वितिय पक्षको युजरनेम......................................

च) अन्य विद्युतीय माध्यम......................................

प्रथम पक्षले उल्लिखित माध्यमबाट आएका आदेशहरूलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टी गर्नेछ। नियम अनुसार उक्त आदेशहरुको सुरक्षित रेकर्डिङ तथा भण्डारण प्रथम पक्षले गर्न सक्नेछ।

२७. द्वितिय पक्षले मार्जिन कारोवार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी शर्त तथा सुविधाहरु सम्बन्धित नियममा तोकिए बमोजिम हुनेछ।

२८. द्वितिय पक्षले धितोपत्र कारोवार गर्दा उक्त धितोपत्र कारोवार गर्न प्रचलित कानुन बमोजिम आफु योग्य रहेको र सो धितोपत्रमा आफुले कानून बमोजिम धारण गर्न सक्ने सीमा भित्र रहि खरीद आदेश प्रविष्ट गर्नुपर्नेछ। सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व द्वितिय पक्षको हुनेछ।

२९. प्रचलित नीति नियममा उल्लेख भए अनुसार वा सम्बन्धित निकायहरुबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोवार राफसाफ समयावधी भित्र प्रथम पक्षलाई बुझाउन द्वितिय पक्ष मञ्जुर गर्दछ। द्वितिय पक्षले प्रचलित कानुन बमोजिम अवैधानिक नठहरीने रकमहरु मात्र धितोपत्रमा लगानी गर्नुपर्नेछ।

३०. द्वितिय पक्षले प्रथम पक्षको ग्राहक सदस्य भई टिएमएस मार्फत धितोपत्र खरिद / विक्रि गर्दा धितोपत्र खरिद / विक्रि गरे पश्चात् आफूले पुरा गर्नु पर्ने सम्पुर्ण प्रकृतिको दायित्वहरु अर्थात धितोपत्र खरिद गरे वापत नियम बमोजिम तोकिएको समय सिमा भित्रै रकम भुक्तानी गर्नुपर्ने दायित्व वा धितोपत्र विक्रि गर्दा नियम बमोजिम तोकिएको समय सिमा भित्रै EDIS गर्नु पर्ने दायित्व जस्ता विविध प्रकृतिका दायित्वहरु निशर्त पुरा गर्नुपर्नेछ।

३१. द्वितिय पक्षले धितोपत्र खरिद / विक्रि गरे वापतको दायित्व नियम बमोजिम तोकिएको समय सिमा भित्रै पुरा गर्न नसकेमा सो कारणबाट सिर्जित हुने सबै प्रकारको दायित्वहरु अर्थात धितोपत्र खरिद गरे वापत नियम बमोजिम तोकिएको समय सिमा भित्रै रकम भुक्तानी नगरेमा उक्त रकम भुक्तानी गर्नु पर्ने तोकिएको समय सिमा समाप्त भएको मितिबाट २ दिन भित्र उक्त खरिद भएको धितोपत्र द्वितिय पक्षको डिम्याट खातामा हाली / नहाली प्रथम पक्षले विक्रि गरेमा द्वितिय पक्षको पुर्ण मजुरी स्वीकृति छ र सो सम्बन्धमा मञ्जुरी स्वीकृति थिएन छैन भनि कही कतै कुनै प्रकारको उजुर वाजुर गर्न पाउने छैन गरे स्वतः बदर हुनेछ।

३२. द्वितिय पक्षले धितोपत्र विक्रि गर्दा नियम बमोजिम टि+१ भित्रै EDIS नगरेको कारण २० प्रतिशत जरिवाना बुझाउनु पर्ने अवस्था आएमा जरिवाना बुझाउने दायित्व द्वितिय पक्षको हुनेछ। प्रथम पक्षले सो २० प्रतिशत जरिवाना भुक्तानी माग गर्दा द्वितिय पक्षले सो रकम भुक्तानी नगरेमा यो सम्झौताका आधारमा द्वितिय पक्षलाई ऋणी सरह कारबाही गरि द्वितिय पक्षको धितोपत्र विक्रि गरि प्रथम पक्षको लेना रकम असूल उपर गरि लिएमा समेत द्वितिय पक्षको पुर्ण मञ्जुरी स्वीकृति छ र सो सम्बन्धमा मञ्जुरी स्वीकृति थिएन छैन भनि कही कतै कुनै प्रकारको उजुर बाजुर गर्न पाउने छैन गरे स्वतः बदर हुनेछ।

३३. द्वितिय पक्षले पुरा गर्नु पर्ने दायित्व समयमा पुरा गर्न नसकेका कारण द्वितिय पक्षलाई ऋणी सरह कारबाही गरी प्रथम पक्षको लेना रकम असूल उपर गरि लिनु पर्ने अवस्था सिर्जना भएमा द्वितिय पक्षले उक्त दायित्व बहन गर्नु पर्ने समयावधि नाघेका मितिबाट उक्त रकम असूल उपर गरि लिंदाका मिति सम्मको प्रथम पक्षले बैंकलाई कर्जा वापत बुझाउनु पर्ने ब्याज वरावरको ब्याज रकम समेत असूल उपर गरि लिन पाउनेमा द्वितिय पक्षको पुर्ण मञ्जुरी स्वीकृति छ र सो सम्बन्धमा मञ्जुरी स्वीकृति थिएन छैन भनि कही कतै कुनै प्रकारको उजुर बाजुर गर्न पाउने छैन गरे स्वतः बदर हुनेछ।

३४. टिएमएस प्रणालीमा कुनै प्राविधिक त्रुटिका कारण द्वितिय पक्षको कारोबार लिमिटमा परिवर्तन देखिई सो का आधारमा द्वितिय पक्षले धितोपत्र खरीद गरेमा द्वितिय पक्षले प्रथम पक्षलाई यस सम्झौताका शर्तहरु बमोजिम धितोपत्र खरीद गरे वापतको भुक्तानी बुझाउन मञ्जुर गर्दछ।

३५. द्वितिय पक्षको हकाधिकार निजको उत्तराधिकारीमा सरेमा त्यसरी हकाधिकार सर्ने उत्तराधिकारीलाई समेत यो करारनामा पुर्ण रुपले लागु भई सम्झौतामा भएको सबै व्यवस्थालाई पुर्ण रुपमा पालना गर्नु पर्ने दायित्व सिर्जना भएको मानिनेछ।

३६. दुवै पक्षहरुबिच आपसि सहमतीमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ। सम्झौता रद्द गर्नु पूर्व पक्षहरुले आ-आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ।

३७. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भई कारोबार गर्न अयोग्य भएमा यो सम्झौता स्वतः खारेज हुनेछ। यसरी सम्झौता खारेज भए पनि बाँकी बक्यौता फछ्र्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ।

३८. यस सम्झौताअनुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार तोकिएको माध्यमबाट द्वितिय पक्षको अद्यावधिक ठेगानामा पठाए पश्चात द्वितिय पक्षले जानकारी पाए सरह हुनेछ।

३९. सम्झौताका दुवै पक्षहरुले नेप्से अनलाइन कारोबार प्रणालीमा क्षति पुर्‍याउने कुनै पनि कार्य गर्न पाउने छैनन्।

४०. प्रथम पक्षले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक द्वितिय पक्षको गोपनीयता कायम गर्नेछ।

४१. पक्षहरुका बीचमा उत्पन्न हुनसक्ने विवाद तथा मतभिन्नताहरुको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ। आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ।

४२. द्वितिय पक्षले देहायका सुविधा उपयोग गरे बापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ। साथै द्वितिय पक्षले उक्त सुविधाहरु प्राप्त गर्न हरेक आर्थिक बर्षमा नविकरण शुल्क समेत तिर्नु पर्नेछ।
१. अनलाईन कारोबार सुविधा २. एस एम एस सुविधा ३. अन्य सुविधा

४३. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट ........................... सम्म कायम रहनेछ र दुवै पक्षको सहमतीबाट सम्झौता पुनः नविकरण हुन सक्नेछ।

४४. यो सम्झौता पत्रमा उल्लेख भएका शर्तहरु यसै सम्झौता पत्र बमोजिम हुने र यसमा उल्लेख नभएको कुराको हकमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ तथा मुलुकी देवानी संहिता ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानून बमोजिम हुने कुरामा दुवै पक्ष मञ्जुर गर्दछ।

४५. यो करारनामामा उल्लेख गरिएका शर्तहरु पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ। कुनै पक्षले तोकिएका शर्तहरुको उल्लंघन गरी अर्को पक्षलाई मर्का पर्न गएमा मर्का पर्ने पक्षले धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ तथा मुलुकी देवानी संहिता ऐन, २०७४ तथा अन्य प्रचलित नेपाल कानून बमोजिमको कानुनी उपचार प्राप्त गर्न सक्नेछ।

**प्रथम पक्षः**
प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नामः

दस्तखतः

कम्पनीको छापः

**द्वितीय पक्षः**
द्वितीय पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नाम :

दस्तखत :

कम्पनीको छाप :

PAN No.:

औठा छाप :

| दायाँ | बायाँ |
|---|---|
| | |

**साक्षीः**
१. ..............................................
२. ..............................................

**साक्षीः**
१. ..............................................
२. ..............................................

ईति सम्वत् ............ साल .................. महिना ................. गते रोज ...... शुभम् .............................................................. ।

# "मेरो शेयर" को सेवा लिनको लागि निवेदन फारम

मिति : ................/........../.........

श्री प्रमुख ज्यू,
**एस.पी.एस.ए. सेक्युरिटिज लिमिटेड**
नयाँ बानेश्वर, काठमाडौं ।

**विषय: "मेरो शेयर" को सेवा प्रदान गरिदिने सम्बन्धमा ।**

महोदय,

म/हामी त्यस प्रा.लि. मा खोलेको हितग्राही खाता सम्बन्धी विवरण इन्टरनेट मार्फत हेर्न तथा **"मेरो शेयर"** मा उपलब्ध सम्पूर्ण सेवाहरू प्रयोग गर्न चाहेकोले उक्त सेवा प्रदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु/गर्दछौं ।

| | |
|---|---|
| निवेदकको नाम/थर | |
| Name of Applicant (In Block letter) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| निक्षेप सदस्य नम्बर (DP ID) | 1 | 3 | 0 | 2 | 1 | 5 | 0 | 0 |
| हितग्राही नम्बर (Client ID) | | | | | | | | |

| | | | |
|---|---|---|---|
| ईमेल (E-mail ID) | | | |
| सम्पर्क फोन नं. (Tel. No.) | अफिस (Office) | निवास (Residence) | मोबाइल (Mobile) |
| | | | |
| ठेगाना (Address) | | | |

## "मेरो शेयर" को सेवा सम्बन्धी नियम तथा शर्तहरु

१. मेरो शेयर सेवा केवल व्यक्तिगत प्रयोजनका लागि मात्र हो । यो सेवा अन्य कसैलाई हस्तान्तरण गरिने छैन ।
२. ग्राहकले मेरो शेयर सेवासँग सम्बन्धित विद्युतीय कारोबारका लागि दिइएका सुरक्षित गोप्य नाम, पासवर्ड, पिन आदि जानकारीको गोपनियता कायम गर्नेछ र यी जानकारी कुनै पनि अवस्थामा कसैलाई कहिल्यै पनि दिने छैन ।
३. यदि अफ्नो गोप्य पासवर्ड, पिन हराएको वा सो को जानकारीहरू कतै कोही असम्बन्धित व्यक्तिको जानकारीमा आएको थाहा भएमा तुरुन्त आफ्नो निक्षेप सदस्यलाई जानकारी गराई रद्द तथा परिवर्तन गराउनु पर्नेछ ।
४. मेरो शेयर मार्फत गरिएका सम्पूर्ण कारोबारको जिम्मेवारी ग्राहक स्वयंको हुनेछ ।
५. मेरो शेयरको प्रयोग सधै सिडिएससिको प्रचलित नियम र विनियमको अधीनमा रहने छ ।
६. प्राविधिक कारणले सेवा अवरुद्ध हुन गई ग्राहकलाई हुन गएको असुविधा, क्षति वा हानी नोक्सानीको लागि निक्षेप सदस्य/सिडिएससि कुनै पनि किसिमले जिम्मेवार हुने छैन ।
७. यो निवेदनमा निक्षेप सदस्य/सिडिएससिको स्वीकृती आवश्यक पर्नेछ । निक्षेप सदस्य/सिडिएससिसँग कुनै कारण नखुलाई आफ्नो स्वविवेकमा निवेदन अस्वीकृत गर्ने अधिकार रहने छ ।
८. ग्राहकलाई सुचित गरी वा नगरी यो सुविधा नवीकरण गर्ने, रद्द वा फिर्ता लिने अधिकार निक्षेप सदस्य/सिडिएससिलाई रहने छ ।

**उद्घोषण:**

म/हामी माथि उल्लेखित सम्पूर्ण विवरण साँचो रहेको घोषणा गर्दछु/छौं । यदि उल्लेखित विवरणहरू कुनै कारणवश गलत भएको अथवा गलत प्रमाणित भएको अवस्थामा त्यसबाट सिर्जना हुने सम्पूर्ण परिस्थितिको जिम्मेवार म/हामी स्वयम् हुनेछु/छौं । साथै माथि उल्लेखित मोबाईल नम्बर तथा इमेल मेरो/हाम्रो व्यक्तिगत प्रयोजनका लागि प्रयोग हुनेछ तथा मेरो शेयरको सेवाका लागि सिडिएससिबाट प्रदान गरिने Login ID तथा Password हरू उल्लेखित मोबाईल नम्बर वा इमेल ठेगानामा प्राप्त गर्न मेरो/हाम्रो मञ्जुरी छ । मेरो शेयरको सेवा उपभोग गर्ने सम्बन्धमा सिडिएससिद्वारा जारी गरिएका यस सेवासँग सम्बन्धित माथि उल्लेख गरिएका सम्पूर्ण नियम, सर्तहरू राम्ररी पढी-बुझी स्वीकार गर्दछु/छौं ।

.................................................... ....................................

निवेदकको आधिकारीक दस्तखत  मिति

एस.पी.एस.ए. सेक्युरिटिज लिमिटेड
SPSA Securities Ltd.
नयाँ बानेश्वर, काठमाडौं।
फोन नं. ०१-५९७०३७४/७५, इमेल : info@spsasecurities.com.np
Broker No. 87

अनुसूची–१५

## केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनिमय २० को उपविनिमय ३ सगँ सम्बन्धित
## निक्षेप सदस्य र हितग्राही व्यक्ति वा संस्थाबीचको सम्झौता

का.म.न.पा. वडा नं. ३१, नयाँ बानेश्वर स्थित कार्यालय रहेको **एस.पी.एस.ए. सेक्युरिटिज लिमिटेड** (वैधानिक अस्तित्व भएको निकायको विवरण) (यसपछि "सदस्य" भनिएको) प्रथम पक्ष र ........................................................................................ स्थित कार्यालय/ठेगाना रहेको ........................................................................ (वैधानिकता अस्तित्व भएको निकाय/प्राकृतिक व्यक्तिको विवरण) यसपछि ("हितग्राही" भनिएको) दोस्रो पक्ष बीच देहायका शर्तहरु पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ ।

१. **सामान्य प्रावधान (General Clauses)**
यस सम्झौताका पक्षहरू धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ का व्यवस्था र सिडिएससिले समय-समयमा जारी गरेको विनिमयलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रुपमा पालना गर्न सहमत छौं ।

२. **रकम असुल उपर (Fees, Charges)**
हितग्राहीले तिनुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ ।

३. **खाताको फाँटवारी (स्टेटमेन्ट) (Account Statement)**
सदस्यले अनलाईन मार्फत हितग्राहीलाई निजको खाताको फाँटवारी हेर्ने सुविधा प्रदान गर्नेछ । साथै हितग्राहीले आफ्नो धितोपत्रको फाँटवारी भौतिक रुपमा प्राप्त गर्न अनुरोध गरेमा सदस्यले सो समेत प्रदान गर्न सक्नेछ । तर यस अवधिमा कुनै कारोबार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन ।

४. **विवरणमा भएका परिवर्तनहरुबारे हितग्राहीले सुचित गर्नुपर्ने (BO's to inform change in the description)**
हितग्राहीले सुचित गरेको अवस्था बाहेक हितग्राहीले विवरणमा भएका परिवर्तन सदस्यलाई जानाकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवारी हुनेछैन ।

५. **हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुने (Depository participants not being liable for BO's claims)**
सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको/क्रेडिट गरिएको तेस्रो पक्षको दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा माग भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैन ।

६. **प्रत्येक हितग्राही निम्न कुरामा विशेष रुपमा जिम्मेवार हुनेछ । (All the BO's will be responsible on the following Matters.)**
(क) निक्षेप सदस्यसँग भएको सम्झौता । खाता खोल्दाका विवरणहरू तथा तथ्य सम्बन्धमा,
(ख) निक्षेप सदस्यसँग खाता खोल्दा पेश गरेको लिखतको आधिकारिकता र सत्यता सम्बन्धमा,
(ग) निक्षेप सदस्यबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराको सुनिश्चित गर्ने
(घ) हितग्राहीको खातामा भएको परिर्वतनका विवरण सम्बन्धमा जस्तै : ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि ।
(ङ) कुनैपनि निष्काशित धितोपत्र खरिद गरेकोमा सो को सत्य विवरण ।

७. **आधिकारीक प्रतिनिधि (Legal Representative)**
हितग्राही सङ्गठित संस्था वा कानूनी व्यक्ति भएमा त्यस्तो संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियार प्राप्त व्यक्तिले सदस्यसँग सम्झौता क्रियान्वित गर्नेछन् । प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिवर्तन भएमा हितग्राहीले सदस्यलाई तुरुन्त जानकारी गराउनेछ ।

८. **सम्झौता रद्द गर्ने (Discarding of the Agreement)**
विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिएअनुसारका शर्त बन्देजको अधीनमा रही पक्षहरूले यो सम्झौता जुनसुकै समयमा रद्द गर्ने सक्नेछन् । कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएको धितोपत्रलाई सोही हितग्राहीको निर्देशन बमोजिम सदस्यले व्यवस्थापन गर्नेछ ।

९. **काबुबाहिरको परिस्थिति (Conditions Out of Control)**
यस सम्झौता वा विनियमावली जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भुईंचालो, आगलागी, विस्फोटन वा दैवीक प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निशेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दि, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोधजस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही, आपराधिक षड्यन्त्र, आतंककारी गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडबडी, अनाहक प्रवेश वा प्रतिकार गर्ने नसकिने अन्य कुनै शक्ति वा बाध्यतालगायत काबु वा नियन्त्रणबाहिरका घटनाद्वारा यस सम्झौता अर्न्तगतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

१०. **जनाउ (Declaration)**
यस सम्झौताअनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रुपमा र प्रापकको हालसालको ठेगानामा नपठाएसम्म बन्धनकारी हुनेछैन ।

११. **विवादको समाधान (Solution for the Disagreement)**
पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमावलीमा तोकिएकोअनुसारको मध्यस्थता समितिको व्यवस्था यस सम्झौताका पक्षहरूलाई पनि लागु हुनेछ ।

१२. **नियमनकारी कानून (Legal Provisions)**
यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

| **सम्झौताका प्रथम पक्ष** | **सम्झौताका दोस्रो पक्ष** |
|---|---|
| निक्षेप सदस्यको तर्फबाट अधिकार प्राप्त | हितग्राहीको तर्फबाट अधिकार प्राप्त |
| व्यक्तिको नामः | व्यक्तिको नामः |
| दस्तखतः | दस्तखतः |
| कम्पनिको छापः | कम्पनिको छापः |
| **साक्षी (Witness)** | **साक्षी (Witness)** |
| १ ............................ | १............................ |

ईति सम्वत् (A.D.)..................... साल (Years)..................... महिना (Month)....................... गते रोज (Day).............. शुभम्